# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७३।०२।११ गते

**प्रेस विज्ञप्ति**

**विषय: आरोप पत्र दायर गरिएको ।**

-----------------------------------------------------

जिल्ला रौतहट स्थित राम नरेश लक्ष्मण माध्यमिक विद्यालय, हजमिनीयाका प्रधानाध्यापक नगनारायण सिंह र खाता संचालक शिक्षक कौशल किशोर प्रसादले एकआपसको मिलेमतोमा विभिन्न आ.व.हरुमा विद्यालयको भौतिक निर्माण तथा मर्मत संभारको लागि जिल्ला शिक्षा कार्यालयबाट सरकारी अनुदानको रुपमा प्राप्त रकम बदनियतसाथ हिनामिना गरी नेपाल सरकारलाई हानी नोक्सानी र आफूहरुलाई गैर कानुनी लाभ पुर्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुर गरेको पुष्टी हुन आएकोले उक्त कार्यमा संलग्न देखिएका प्रधानाध्यापक नगनारायण सिंह र खाता संचालक शिक्षक कौशल किशोर प्रसाद उपर बिगो रु.६,६८,१८०।४४ (अक्षरूपी छ लाख अठ्सठ्ठी हजार एक सय असी रुपैँया चवालीस पैसा) कायम गरी सोही ऐनको दफा ३(१) र ३(१) (ङ) बमोजिम जरीवाना र कैद सजाय हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हिना मिना हानीनोक्सानी एवं मासेको बिगो रु.६,६८,१८०।४४।- (अक्षरूपी छ लाख अठ्सठ्ठी हजार एक सय असी रुपैँया चवालीस पैसा) निजहरुबाट विद्यालयलाई दिलाई भराई पाउन मागदाबी लिइ आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)

सहायक प्रवक्ता